मिति : २०७९/३/७ गते (मंगलबार)　　　　स्थान : टिका रिसोर्ट, पोखरा-६ लेकसाईड

वैठक सख्या : ३　　　　　　　　　　　समय : बेलुका ५ : ०० बजे,

**पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा पोखरा महानगरपालिका वडा नं.-६ लेकसाईड स्थित टिका रिसोर्टमा तपसिलको बमोजिमा उपस्थितिमा वैठक बसि देहायनुसारको निर्णय गरियो।**

उपस्थिती :

| सि.नं. | पद | वडा नं. | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | **अध्यक्ष** | प्रमुख | श्री धनराज आचार्य | |
| २ | **उपाध्यक्ष** | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ्ग | |
| ३ | **सचिव** | प्र.प्र.अ. | श्री बलराम रिज्याल | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्मचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बाँस्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बानिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |

| | | | | |
|---|---|---|---|---|
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिराज तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमायाँ विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |

पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पोखरा

*कार्यपालिकाको तेस्रो बैठक मिति : २०७९/३/७   गते मंगलबार*

*समयः दिनको ५.०० बजे*

## बैठकको प्रस्तावहरु

१. आ.व. २०७९।०८० को नीति तथा कार्यक्रम सम्बन्धी ।

२. आर्थिक ऐन, २०७९ स्वीकृत सम्बन्धी

३. आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रम सम्बन्धी ।

४. विनियोजन ऐन, २०७९ स्वीकृत सम्बन्धी ।

५. न्यायीक समिति गठन प्रस्ताव नगर सभामा पेश गर्ने सम्बन्धी ।

६. कर्मचारी समायोजन तहबृद्धि सम्बन्धी ।

७. पोखरा महानगर पर्यटन प्रबर्धन केन्द्र गठन सम्बन्धी ऐन, २०७९ सम्बन्धी ।

८. समितिहरुको पूर्णता सम्बन्धी ।

९. वडा नं. २५ को चापाकोट देबिस्थान सडकको ठेक्का सुबिस्ताको आधारमा ठेक्का तोड्ने ।

१०. सुविस्ताको आधारमा ठेक्का तोड्ने सम्बन्धमा । (वडा नं.४ को बाग्लुङ्ग हाइ वे मामा खाजाघर सडक स्थानीयको विवादका कारण कार्यान्वयन हुन नसकको)

११. विविध ।

प्रमुख प्रशासकीय अधिकृत

# तेस्रो कार्यपालिका बैठकका निर्णयहरु २०७९/३/७

निर्णय नं. १

आ.व. २०७९/०८० को पोखरा महानगरपालिकाको नीति तथा कार्यक्रम उपर छलफल भै स्वीकृतिका लागि नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

आर्थिक वर्ष २०७९/०८० मा पोखरा महानगरपालिकामा कर लगाउने सम्बन्धमा संविधानको धारा २२८को उपधारा (२) बमोजिम तयार गरिएको आर्थिक ऐन, २०७९ स्वीकृत गरी एघारौं नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को राजश्व र व्ययको अनुमान नेपालको संविधानको धारा २३० (१) बमोजिम तयार गरी स्वीकृतिको लागि एघारौं नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

पोखरा महानगरपालिकाको आ.व. २०७९/०८० को बजेट कार्यान्वयन गर्ने अधिकारको लागि बनेको विनियोजन विधेयक, २०७९ तयार गरी एघारौं नगर सभामा स्वीकृतिको लागि प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

पोखरा महानगरपालिका वडा नं. २५ को **चापाकोट देविस्थान सडक स्तरोन्नति** सडकको ठेक्का युग विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. पोखरा १५ सँग मिति २०७६।११।१२ मा सम्झौता भई सम्पन्न गर्नुपर्ने म्याद २०७७।३।१२ सम्म भएकोमा सो अवधिमा नसकिएकोले कार्यालयबाट उक्त योजनाको म्याद मिति २०७७।०७।१५ सम्म थप भएकोमा सम्झौता बमोजिम कार्य गर्ने क्रममा विभिन्न जग्गा विवाद र स्थानीयबाट निर्माण कार्यमा अवरोध भै कार्यान्वयन हुन नसकेकोले वडा कार्यालयको मिति २०७८।०३।१८ को सिफारिसका साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम म्याद थप गर्न नसकिने भएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५९ को उपदफा (४) मा भएको सुविस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्ने प्रावधान बमोजिम ठेक्का सम्झौता अन्त्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

पोखरा महानगरपालिका वडा नं. ४ को **बागलुङ्ग हाई वे मामा खाजा घर सडक स्तरोन्नती** निर्माणको ग्लोबल कन्स्ट्रक्सन, पोखरा ४ का बिच मिति २०७५।१०।२५ मा ठेक्का सम्झौता भई सम्पन्न गर्नुपर्ने म्याद

२०७७।३।१२ सम्म भएकोमा काम शुरु गर्ने क्रममा स्थानीय बासिन्दाको अवरोधका कारण सो निर्माण कार्य सम्पन्न गर्न नसकेकोले वडा नं. ४ को कार्यालयको च. नं. २४० मिति २०७८।८।१९ को पत्रबाट सो कार्य सुचारु गर्न सम्भव नभएको भन्ने सिफारिस भएको, सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२० बमोजिम म्याद थप हुन नसकेमा सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५९ को उपदफा (४) मा भएको सुविस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्ने प्रावधान बमोजिम ठेक्का सम्झौता अन्त्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

पोखरा महानगरकार्यपालिकाबाट स्वीकृत भएको न्युनतमा समर्थन मूल्यमा कृषि उपज खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७८ को दफा ९ अनुसार पोखरा महानगरपालिका भित्रका किसानहरुले उत्पादन गरेको तपशिल अनुसार बालीको न्युनतम समर्थन मूल्य देहाय बमोजिम कायम गर्ने निर्णय गरियो ।

## कृषि उपजको न्युनतम समर्थन मूल्य

१. कृषिउपजकोन्युनतममूल्य

| सि.नं | कृषिउपजको नाम | न्युनतम समर्थन मूल्य रु प्रति के जि. | सि.नं | कृषि उपजको नाम | न्युनतम समर्थन मूल्य रु प्रति के जि. |
|---|---|---|---|---|---|
| 1 | जेठो बुढोधान | 90 | 14 | काक्रो | 21 |
| 2 | मकै | 55 | 15 | करेला | 20 |
| 3 | गहु | 60 | 16 | आलु | 26 |
| 4 | कोदो | 90 | 17 | अदुवा | 34 |
| 5 | फापर | 130 | 18 | खुर्सानी | 52 |
| 6 | कागुनो | 120 | 19 | लसुन | 140 |
| 7 | तोरी | 175 | 20 | प्याज | 35 |
| 8 | काउली | 21 | 21 | कार्पमाछा | 300 |
| 9 | बन्दा | 15 | 22 | मह | 750 |
| 10 | रायोसाग | 14 | 23 | च्याउ | 150 |
| 11 | गोलभेडा | 35 | | | |
| 12 | सिमि | 52 | | | |
| 13 | घिरौला | 19 | | | |

निर्णय नं. ८

कोभिड-१९ को प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असंगठित क्षेत्रमा रहेका अति विपन्न गरिब परिवारलाई चालु आ व मा राहत स्वरुप एक पटकका लागि प्रति परिवार रु १० हजारका दरले नगद अनुदान प्रदान गर्ने नेपाल सरकारको कार्यक्रम बमोजिम अर्थ मन्त्रालयको मिति २०७८/०७/२५ को सूचना र "कोभिड -१९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८" अनुसार वडाहरुमा लाभग्राही विवरण भएको १३४६ लाभग्राही र गुनासो मार्फत थप भएका ८ गरी जम्मा १,३५४ जना अन्तिम लाभग्राही विवरण कार्यविधिको दफा ६ को उपदफा (४) बमोजिम स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

पोखरा महानगरपालिको स्वामित्वमा रहेका विभिन्न स्थानका भवनका सटरकबलहरु सम्झौता गरी भाडामा लगाएको मध्ये कतिपय सटरकबलहरुको भाडा लामो समयदेखि प्राप्त नभएको हुँदा भाडा प्राप्त हुन बाँकी सटरको भाडा असुल गर्न तत्काल कारवाही अघि बढाउने र महेन्द्रपुलमा रहेको नगर पुस्तकालय र आर्टग्यालरी भएको भवन अत्यन्त जीर्ण भएका र ती भवन भत्काउनु पर्ने भएकोले उक्त भवनमा भाडामा बसेकाहरुलाई बुझाउन बाँकी घरबहाल रकम अविलम्ब बुझाउन र ३ महिना भित्र घर खाली गराउन आवश्यक कारवाही प्रक्रिया अघि बढाउने निर्णय गरियो । उक्त भवनले चर्चेको जमीन ३ महिना भित्र खाली गराई पार्क वा पार्किङ्गमा के उपयुक्त हुन्छ सो अध्ययन गरी निर्माण गर्ने निर्णय गरीयो ।

निर्णय नं. १०

गण्डकी प्रदेश लोकसेवा आयोगको च.नं.२७६, मिति २०७९/०२/०५ को पत्र अनुसार पोखरा महानगरपालिका कर्मचारी सेवा ऐन, २०७६ को व्यवस्था एवं नगर कार्यपालिकाको मिति २०७८/१०/११ को ५३ औं वैठकको निर्णय अनुसार महानगरपालिकामा कार्यरत साविक स्थानीय निकायका स्थायी कर्मचारीहरुको समायोजन तह बृद्धि बदर गरेको सम्बन्धमा छलफल हुँदा नेपालको संविधानको अनुसूचि ८ को क्रमसंख्या ५ मा स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अधिकार सूची स्थानीय सरकारको भएको, सविधानको धारा ५७ को उपधारा (४) र धारा २२६ को उपधारा (१) को अधिनमा रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) को व्यवस्था अनुसार पोखरा महानगर नगर कार्यपालिकाले तर्जुमा गरेको कर्मचारी सेवा ऐन, २०७६ बमोजिम पोखरा महानगरपालिकामा कार्यरत साविकमा स्थानीय निकायमा स्थायी नियुक्ति पाई कार्यरत कर्मचारीहरुको समायोजन तहबृद्धि गरी सरकारी सेवा र अन्य सेवाका कर्मचारी सरह समानता कायम गरिएको संवैधानिक अधिकार अन्तर्गत पोखरा महानगरपालिकाबाट जारी कर्मचारी सेवा ऐन, २०७६ बमोजिम गरिएको समायोजन तह बृद्धि बदर गर्ने गरी लोकसेवा आयोग गण्डकी प्रदेशबाट भएको निर्णय अनुसारको

कार्यान्वयनका सन्दर्भमा स्थानीय तहलाई प्रदत्त संवैधानिक अधिकारको प्रयोग गरी कानून बनाउने तर विभिन्न निकायबाट बदर गर्दै जाने हो भने स्थानीय तहको संवैधानिक अधिकार हनन हुने र नियमित काम कारवाही समेत अवरुद्ध हुने अवस्था आउछ । तसर्थ कानून र सो बमोजिम गरेको कार्य बदर गर्ने अधिकार प्रदेश लोकसेवा आयोगलाई भए नभएको सम्बन्धमा न्यायिक निकायमा जाने र सोको निरुपण नहुँदा सम्म पोखरा महानगरपालिकाले तर्जुमा गरेको कर्मचारी सेवा ऐन, २०७६ अन्तर्गत भए गरेका समायोजन तह बृद्धि सम्बन्धि निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ११

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ र पोखरा महानगरपालिका विधायन समिति नियमावली, २०७५ को नियम ५ बमोजिम पोखरा महानगरपालिकाको विधायन समिति गठन गर्न एघारौं नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ बमोजिम पोखरा महानगरपालिकाको लेखा समिति गठन गर्न एघारौं नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

नेपालको संविधानको धारा २१७ बमोजिम पोखरा महानगरपालिकाको न्यायीक समिति गठन गर्न एघारौं नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।